CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #६

१६।१२।२०७६

भ्रामक समाचार, हल्ला र अफवाहहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



श्रोत: काठमाडौं पोस्ट




## सरकारको गतिविधिबारे जानकार हुनुहोस

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कोरोना सम्बन्धी जानकारीकोलागि अनलाईन पोर्टल
- अध्यागमन जानकारी
- नेपाल पुलिस लैंगिक हिंसाका लागि
- नेपाल सरकारको मोबाईल एप्लिकेशन: हाम्रो स्वास्थ्य
- नेपाली सेनाको मोबाईल एप्लिकेशन COVID-19 Response App- Nepal
- भाईबर ग्रुप

## सरकारले गरेका महत्वपुर्ण निर्णयहरु

- लकडाउन चैत्र २५ गतेसम्म जारी, उलंघन गरे ६ महिनासम्मको जेल सजाय
- बैषाख ३ गतेसम्मलाई सबै अन्तरराष्ट्रिय हावाई सेवा बन्द नेपाल-भारत सिमानाकामा रोकिएका नेपालीलाई अनिवार्य
- क्वारेन्टाईन बस्नुपर्ने सर्त सहित नेपाल प्रवेश गर्न अनुमति दिने
- कुनै पनि अस्पतालले बिरामिको उपचार गर्न अस्वीकार गरे कानुनी कारवाही गरिने
- गरिब परिवारलाई पशुपतिमा नि:शुल्क दाहसंस्कार गर्न दिईने
- स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको २५ लाखसम्मको बिमा गर्ने
- सरकारले विश्व बैंक, एडिबि र आईएमएफसंग २२ बिलियन रुपैया ऋण अनुदान लिंदैछ ।

# हल्ला - तथ्य




सरकारले मलाई पसल खुला गर्न भन्यो । के मैले पसल नखोल्दा पनि हुन्छ ? मैले मास्क र ग्लोब नलगाएर कसरी सामान बेच्न सक्छु ? मलाई मास्क र ग्लोब कसले दिन्छ ? मैले कति समयकालागि पसल खुला गर्न पाउने हो ?

सरकारले बिक्रिकर्तालाई अनिवार्य रुपमा हातमा ग्लोब र मुखमा मास्क लगाउन भनेको छ । त्यसै गरेर उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयले अत्यावस्यकिय दैनिक उपभोग्य वस्तु बिक्रि गर्ने पसलहरू बिहान ४ बजे देखी ८ बजेसम्म (४ घण्टा) र साँझ ३ बजे देखी ५ बजेसम्म (२ घण्टा) भिड नहुने गरी खोल्नु भनेर निर्देशन दिएको छ ।



विदेशबाट आएका व्यक्तिहरू गाउँमा खुलेआम हिंडिरहेकाछन रे । यसरी त सबैलाई कोरोना सरेर गाउँ नै सखाप हुन्छ भन्छन् नि ।

हालै विदेशबाट आएकाले आगमन र सेल्फ क्वारेन्टाईनको नियमित जानकारी नगराए सरकारले कारवाही गर्ने भनेको छ । स्थानीय तहले सबैलाई घरमै बस्न अनुरोध गर्नुका साथसाथै, क्वारेन्टाईनमा बस्दा के के गर्नुपर्छ भनेर माईकिङ गर्नुका साथै अडियो क्लिप पनि बजाईरहेको छ । तर, विदेशबाट आउने सबैमा कोरोनाको संक्रमण हुन्छ भन्ने मान्यतामा कुनै सत्यता छैन ।



राख्ने ठाउँ नभएर कारागारबाट कैदिबन्दिलाई धमाधम छोडिदैछ भन्ने सुनिन्छ नि ।

कोभिड - १९ को जोखिम न्युनिकरण गर्न कारागारमा आउने नयाँ कैदिलाई दुई हप्ता छुटै क्वारेन्टाईनमा राखेर मात्र अन्य कैदिबन्दिसंग राख्ने व्यवस्था गरेको छ ।

कारागारको चाप कम गर्न, सर्वोच्च अदालतको चैत्र ९ गतेको निर्णयको बुँदा नं ६ अनुसार कुनै पनि कैदिबन्दिको कसुर सजाय केहि दिन मात्र बाँकि रहेको अवस्थामा उसले तिर्नुपर्ने जरिवाना र कैद भुक्तान गर्न बाँकि दिनको प्रतिदिन रु ३०० का हिसाबले थप जरिवाना बुझाए कैद मुक्त गर्न सकिने जनाएको छ । त्यसकालागि निज कैदिबन्दिको निवेदन सम्बन्धीत अदालतबाट स्वीकृत हुनुपर्ने छ । यो निर्णय लागु भए पश्चात बाल सुधार गृहबाट ११९ जना र अन्य कारागारबाट ६० जना भन्दा बढि रिहा भईसकेका छन् ।



सरकारले गर्भवती, अपांगता भएका व्यक्ति दीर्घ रोगी र टुहुरा बालबालिकालाई विशेष हेरचाह गर्ने भनेको छ । त्यो विशेष हेरचाह भनेको के हो ?

गृह मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ति अनुसार वडा स्तरीय समितिले आफ्नो वडाभित्र रहेका हालको स्थितिमा विशेष परिस्थिति र रोजगारीको अभावमा रहेका व्यक्तिको लगत संकलन गर्नेछ । त्यस पश्चात न्युनतम दैनिक उपभोग्य वस्तुहरूको प्याकेज उपलब्ध गराउनेछ । सहयोगको प्याकेज बनाउदा ४ जना सदस्य भएका परिवार र ४ जनाभन्दा बढि सदस्य भएको परिवारलाई पुग्ने गरी दुई प्रकारका बनाउनेछ भनेको छ ।
तर, सो प्याकेजमा के हुनेछ भनेर कतै पनि प्रष्ट रुपमा उल्लेख गरिएको छैन ।

## सूचनाका स्रोतहरू

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | ३,५२,६६७ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| १२९९ संक्रमित | २५५ संक्रमित | ४९९ संक्रमित | ५९० संक्रमित | ४६८ संक्रमित | १६७ संक्रमित | २,३२० संक्रमित | ९,५८३ संक्रमित |
| | | ३ नेपाली संक्रमित | | | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

## कुवेत: भिसा नवीकरण सुविधा

कुवेत सरकारले वैदेशिक रोजगारीमा रहेका कामदारलाई कोरोना भाईरसको महामारीको समयमा भिषा नविकरण गर्ने निवेदन दिनकोलागि भनेर उनिहरूलाई छुट दिने निर्णय गरेको छ । आन्तरीक मन्त्रालय, कुवेतले भर्खरै व्यवस्था गरे अनुसार, छुट पश्चात कामदार कुवेत फिर्ता नभएको अवस्थामा पनि रोजगारदाता कम्पनीले भिषा नविकरणकोलागि अनलाईन आवेदन दिनसक्नेछन् ।

## दैनिक ज्यालादारी गर्ने कामदारलाई सरकारले उपलब्ध गराउने राहत प्याकेज:

- दैनिक ज्यालादारीमा काम गर्ने कामदारको लगत वडा कार्यालयले संकलन गरी लकडाउन अवधिभर राहत उपलब्ध गराउने
- महामारी प्रभावित क्षेत्रमा ऋणको सुसवधा उपलब्ध गराउने ।
- खाद्य व्यवस्थापन तथा साल्टट्रेडिङ कर्पोरेशनले उपभोक्तालाई दाल, चामल, चिनि र नुनमा १०% छुट दिने सहमति जनाएको छ ।
- घरधनिलाई एक महिनाको बहाल छुट गर्न सरकारको अनुरोध (विशेष गरेर दैनिक ज्यालादारीमा गर्नेहरूका लागि)
- औपचारीक तथा अनौपचारीक दुबै क्षेत्रका रोजगारदाताले दैनिक ज्यालादारीमा काम गर्ने कामदारलाई पारिश्रमिक दिनु पर्नेछ ।
- इन्टरनेट र १५० युनिटसम्म बिजुली महशुलमा २५% सम्म छुट

accountabilitylab NEPAL

सही सूचना

# नेपालमा उपलब्ध जनस्वास्थ्य सेवा:

**२००** सामुदायिक स्वास्थ्य केन्द्र

**१९८** प्राथमिक स्वास्थ्य उपचार केन्द

**३७४** ग्रामिण स्वास्थ्य केन्द्र

**१२५** अस्पताल

**३८०८** स्वास्थ्य चौकि

**५९** अन्य स्वास्थ्य सुविधाहरु

माथिको फिगरले नेपालमा उपलब्ध जनस्वाथ्य सेवाको अवस्था देखाउछ । हामिसंग देशभरी ३८०० भन्दा बढि स्वास्थ्यचौकिहरु छन्, जसले काभिड - १९ को सूचना केन्द्रको रुपमा काम गर्न सक्दछन् । ग्रामिण स्वास्थ्चौकिलाई पनि सूचना प्रवाह गर्ने र जनसम्पर्क केन्दको रुपमा प्रयोग गर्न सकिन्छ । त्यसै गरेर प्राथमिक स्वास्थ्यचौकिले कोभिड - १९ प्रतिकार्यमा सहजिकरणको भुमिका निर्वाह गर्नसक्छन् । यसरी हामिले अस्पतालको परनिर्भरता कम गर्नुकासाथै जनस्वास्थ्य सेवामा प्रभावकारी व्यवस्थापन गर्न सक्छौं ।


YOUTH INNOVATION LAB


# कोभिड-१९ मनिटर

कोभिड-१९ मनिटर पोर्टलाले कोरोना भाईरस संक्रमित बिरामी र उनिहरुले यात्रा गरेको स्थानहरुको प्रमाणसहितको जानकारी दिन्छ । यस पोर्टलामा निचिक्षत देश, शहर र कोरोना प्रभावित मुख्य स्थानको तथ्यांक र जानकारी हेर्न मिल्नु का साथै रिपोर्ट पनि गर्न मिल्छ । यो पोर्टलाले जोखिमयुक्त स्थानबारे जानकारी दिएर त्यस्ता स्थानमा जानबाट सबैलाई सतर्क गराउँछ र आधिकारिक सुचना सम्प्रेषण गरेर सुसुचित निर्णय लिना मद्दत गर्छ ।

GLOBAL UPDATE https://covid19-monitor.net

मिति: १६, १२, २०७६ समय: दिउसो २ बजे




पहिचान गरिएका जोखिमयुक्त स्थानहरुले सरकारलाई निम्न बमोजिम तथ्यमा आधारीत निर्णय गर्न सहयोग गर्न सक्छ:

- नागरिकलाई उच्च जाखिम भएका स्थानमा नजाने जानकारी दिन
- जोखिमयुक्त क्षेत्रमा गएका मानिसको स्वास्थ्यको अवस्था परिक्षण गर्न
- जोखिमयुक्त स्थान नजिकैको स्वास्थ्य सुविधा अवस्था मापन गर्न र राम्रो खानपानको व्यवस्था मिलाउन

accountabilitylab NEPAL

# नागरिक समाजको भुमिका के हुन सक्छ ?

#CSOcollective #CCCampaign #AccountabilityMatters

कोभिड - १९ सम्बन्धी सचेतना फैलाउने सवालमा नागरिक समाज एकल प्रयासमा क्रृयाशिल रहे पनि समग्रमा रचनात्मक प्रयास गरेको पाईदैन । अहिलेको अवस्थामा सबै नागरिक समाज तथा संघसंस्थाका प्रतिनिधिहरु स्वस्फुर्तरुपमा सामुहिक अनि सृजनशिल रुपमा समुदायस्तरमा समाधानका उपाय लिएर जाने विषयमा एकमत देखिएकाछन् ।

धेरै राष्ट्रिय/अन्तरराष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरु सृजनशिल भएर प्रतिकार्यमा सहयोग गर्नु भन्दा पनि घरमै बसेर नियमित काम ( रिपोर्ट लेख्नु, आन्तरिक नीतिको निर्माण गर्नु) गरिरहेका छन् ।

## राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैह्र सरकारी संस्थाहरुकालागि:

राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैह्र सरकारी संस्थाहरुले परिवर्तनकालागि गर्नसक्ने कामहरु

- उत्साह र एकताका कथाहरु खोज्ने र तिनिहरुलाई प्रोत्साहन गर्ने (उदाहरणकोलागि हाम्रो प्रयास #coronaheroes हेर्नुहोस )
- सिमान्तकृत समुदायको हालको आवश्यकता बुझेर त्यसको समाधान गर्न उपलब्ध सञ्जालको प्रयोग गर्ने
- सरकारका निर्णयबारे जानकार रहने र कोरोना भाईरससंग सम्बन्धीत खर्चहरुलाई ट्र्याक गर्ने
- विशेष गरेर स्वास्थ्य सेवासंग सम्बन्धीत भ्रष्टाचारको विषयमा आवाज उठाउने र त्यस सम्बन्धी तथ्यांकहरु खुलारुपमा बाड्ने
- हल्ला, अफवाह, गलत समाचार संकलन गर्ने र त्यसको तथ्य पत्ता लगाएर सहि सूचना आम नागरिकलाई बाँड्ने । (यस बुलेटिनमा प्रस्तुत गरे जस्तै)
- समुदायमा रहेका उच्च जोखिममा रहेका समुहको पहिचान गर्ने, जसले गर्दा दाता तथा सहयोगिलाई सहयोग गर्न सजिलो होस्
- सम्भव भएसम्म सरकारको प्रयासमा सहयोगी बन्ने र स्थानीय स्तरमा आईसोलेशन सेवा उपलब्ध गराउन सहयोग गर्ने
- प्रतिकार्यलाई सृजनशिल र समाधानोमुख बनाउने सन्दर्भमा सम्वाद गर्न हामिले सुरुवात गरेको ऋक्इ अयाभिअतष्खभ को सदस्य बन्नुहोस्

## दातृ संस्था, अन्तरराष्ट्रिय गैह्र सरकारी संस्था र संयुक्त राष्ट्र संघका लागि:

- समय सन्दर्भलाई मध्यनजर गर्ने र स्थानीय स्तरको वास्तविकता र बाध्यतालाई बुझ्ने
- लचकता अपनाउने, स्थानीय संघसंस्थालाई कोभिड - १९ सम्बन्धी कार्यक्रमको ढाँचा तयार गर्न र स्रोत परिचालन गर्ने अनुमति दिने
- अनुदान तथा अन्य सरकारी सहयोग, नागरिक समाज र निजि संस्थाको तथ्यांक तयार गरेर खुला गर्ने
- स्थानीय साझेदारहरुलाई अनुदान रकम समुदाय स्तरका संघसंस्था र अन्य स्थानीय साझेदार संस्थालाई वितरण गर्न दिने
- संघसंस्था र नागरिक समाजको प्रतिकार्यको प्रयासलाई एकितृत गर्न अनुदान र रिपोर्टिङ गर्ने माध्यमलाई सहज बनाउने

## नेपाल सरकारकोलागि:

- सरकारले गरिरहेको प्रतिकार्यको प्रयासमा नागरिक समाज र संघसंस्थालाई सहभागि हुन मार्ग प्रसस्त गर्ने
- उच्च स्तरीय निर्णय र पृष्ठपोषण लिने/दिने प्रकृयामा नागरिक समाज र संघसंस्थालाई सहभागि गराउने
- कोरोना भाईरस प्रतिकार्यसंग सम्बन्धीत सम्पुर्ण निर्णय र तथ्यांकलाई खुला तथ्यांकको मापदण्ड अनुसार खुला र पारदर्शि राख्ने
- स्थानीयको आवश्यकतालाई पुर्ती गर्न स्थानीय स्तरमा कार्यरत संघसंस्थासंगको समन्वयमा काम गर्ने ।

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा कटर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु तथा बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरिन्छ । संकासपद बिरामिलाई ष्कयबितष्यल मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities